बैठक संख्या: ३।२०८२-२०८३
बैठक मिति:२०८२।०४।१८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०४।१८ गते आईतबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री वासुदेव माझी | का.वा. वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | सरिता |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | कमली |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: ३।२०८२-२०८३
बैठक मिति:२०८२।०४।१८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | (हस्ताक्षर) |
| ३ | श्री निरुप चौधरी | स.क.अ. | (हस्ताक्षर) |
| | | | |
| | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १: संघीय समपूरक अनुदान, प्रदेश समपूरक अनुदान, तराई मधेश समृद्धि कार्यक्रम तथा नगर स्तरिय योजना ठेक्का सम्बन्धमा सम्वन्धमा ।

२. प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

आ.व. २०८२।०८३ को संघीय समपूरक, प्रदेश समपूरक तथा संघीय तथा प्रदेश सरकार बाट LMBIS मा प्रविष्ट भएका योजनाहरु, तराई मधेश समृद्धि कार्यक्रका योजनाहरु र नगर गौरव तथा नगर स्तरिय योजनाहरुको ठेक्का E-Bidding मार्फत यथाशीघ्र संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिकाको ठेक्का नं. RMY/NCB/BUILDING/०७-०७७-०७८ Construction of Primary Hospital (१५ Bed) at Ramdhuni Ward No.६ निर्माण कार्यको सम्बन्धमा नेपाल मध्यस्थता परिषद, कुपण्डोल, ललितपुरमा गठित मध्यस्थ (मुख्य मध्यस्थ श्री डा. कुमार शर्मा आचार्य, मध्यस्थ श्री दिपक नाथ चालिसे, मध्यस्थ श्री रमेश राज रेग्मी) ट्राईवुनलले मिति २०८२/०३/०२ गते गरेको निर्णय (Award) लाई ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरको पत्र सं.२०८२/०८३ चलानी नं.१२७ मिति२०८२/०४/१५ गतेको पत्रवाट मध्यस्थ ट्राईवुनलको मिति २०८२/०३/०२ मा भएको निर्णय कार्यान्वयनको लागि पत्राचार गरेकोले मध्यस्थ ट्राईवुनलको निर्णय कार्यन्वयन गर्ने निर्णय

गरियो र तपसिल वमोजिमका प्रकृयाहरु अगाडी बढाउन रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लाई निर्देशन गरियो ।

तपसिलः

१. कार्यसम्पादन जमानत बापत बैंक गयारेन्टीको लागि आवश्यक पत्रचार गर्ने ।

२. विमाको म्याद थपको लागि आवश्यक पत्रचार गर्ने ।

३. नगरपालिका कार्यालयले मध्यस्थता शुल्क तथा सचिवालय शुल्कवापत नेपाल मध्यस्थता परिषद, कुपण्डोल, ललितपुरमा दाखिला गरेको रकम मध्यको वास्तविक खर्च निर्माण व्यवंसायीले नगरपालिकालाई फिर्ता गर्ने निर्णय भएवमोजिम सो रकम नगरपालिकाको खातामा दकिला गर्न पत्रचार गर्ने ।

निर्णय नं.२(ख)

रामधुनी नगरपालिकावाट आ.व. २०८२।०८३ मा संचालन गरिने योजनाहरु र घर नक्शा सम्वन्धी को कार्य गर्नका लागि पूर्वाधार विकास शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुको कामकाज गर्ने जिम्मेवारी तपसिल वमोजिम बाँडफाड गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | नाम/थर | पद | जिम्मेवारी बाँडफाड |
|---|---|---|---|
| १. | श्री संदिप कुमार झा | इन्जिनियर (आठौं) | पूर्वाधार विकास शाखा प्रमुख<br>३, ४ र ५ नं. वडाको जिम्मेवारी, |
| २. | श्री प्रकाश मेहता | इन्जिनियर (सातौं) | १ र २ नं. वडाको जिम्मेवारी |
| ३. | श्री सुदिरा चौधरी | इन्जिनियर (छैटौं) | ७ र ८ नं. वडाको जिम्मेवारी |
| ४. | श्री प्रविन साह | इन्जिनियर (छैटौं) | ६ र ९ नं. वडाको जिम्मेवारी |
| ५. | श्री पवन प्रसाद ठाकुर | सव-इन्जिनियर | ३ नं. वडाको जिम्मेवारी |
| ६. | श्री स्नेह चौधरी | अ.सव-इन्जिनियर | ५ नं. वडा र सुरक्षित नागरिक आवास कार्यक्रम |
| ७. | श्री राजेस माझी | अ.सव-इन्जिनियर | ७ र ८ नं. वडाको जिम्मेवारी |
| ८. | श्री विवेक दाहाल | अ.सव-इन्जिनियर | ४ नं. वडाको जिम्मेवारी |
| ९. | श्री नविना राई | अ.सव-इन्जिनियर | ६ नं. वडाको जिम्मेवारी |

बैठक संख्या: ३।२०८२-२०८३
बैठक मिति:२०८२।०४।१८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| | | | |
|---|---|---|---|
| १०. | श्री अनिस कुमार चौधरी | अ.सव-इन्जिनियर | ९ नं. वडाको जिम्मेवारी |
| ११. | श्री रमेश चौधरी | अ.सव-इन्जिनियर | १ र २ नं. वडाको जिम्मेवारी |

<u>निर्णय नं.२(ग)</u>

उच्च अदालत विराटनगर मुद्दा नं. 080-W0-0432 फैसलाको जानकारी सम्बन्धमा मिति २०८२।०३।२० सको मितिमा कर्मचारी लाई तह वृद्धि हुने गरी निर्णयले परमादेशको आदेश फैसला भएको हुँदा यस न.पा. स्वास्थ्य शाखा तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुको तपसिलका स्वास्थ्यकर्मीहरुको देहाय बमोजिमको तह वृद्धि (छैटौं तह बाट सातौं तह) गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स | नाम थर | क.सं.नं. | साविकको सेवा समूह | साविकको तह | तह वृद्धि भएको तह | तह वृद्धि भएको सेवा समूह |
|---|---|---|---|---|---|---|
| १ | चकेन्द्र वहादुर थापा | १४५०६८ | हे.ई | अधिकृत छैटौं | अधिकृत सातौं | हे.ई |
| २ | वज्र कुमार झा | १७६४१२ | हे.ई | अधिकृत छैटौं | अधिकृत सातौं | हे.ई |
| ३ | दिनेश कुमार चौधरी | १७१८७८ | हे.ई | अधिकृत छैटौं | अधिकृत सातौं | हे.ई |
| ४ | परसुराम साह | १६७८२२ | हे.ई | अधिकृत छैटौं | अधिकृत सातौं | हे.ई |
| ५ | सन्तोष चौधरी | १६२५५६ | हे.ई | अधिकृत छैटौं | अधिकृत सातौं | हे.ई |
| ६ | नगेन्द्र पौडयाल | १५५८४० | हे.ई | अधिकृत छैटौं | अधिकृत सातौं | हे.ई |

<u>निर्णय नं.२(घ)</u>

आ.व. २०८२।०८३ को श्री नगर प्रमुख शंकरलाल चौधरी बाट चालु आ.व को बजेट खर्च गर्ने अख्तियारी प्राप्त भए पश्चात रामधुनी नगरपालिका भरीका सम्पूर्ण १ देखि ९ वटैं वडा कार्यालयहरुमा आ.व. २०८२।०८३ को योजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन गर्न पत्राचार गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: ३।२०८२-२०८३
बैठक मिति:२०८२।०४।१८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिकाको ठेक्का नं. RMY/NCB/BUILDING/07-077-078 को रामधुनी न.पा. वडा नं. ६ बक्लौरी १५ सौंयाको निर्माणा हुन लागेको अस्पतालमा १ जना प्राविधिक (इन्जिनियरिङ सेवा तर्फ) को डोर हाजिरामा कामकाज गराउने र उक्त परियोजनाकै कन्टिन्जेन्सी बाट निज इन्जिनियरको पारिश्रमिक ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.२(च)**

रामधुनी न.पा. वडा नं. ४ स्थित रहेको रामधुनी मन्दिर क्षेत्र भित्रको बाटोमा प्राविधिकः लागत अनुमान बमोजिम ग्राभेल तथा माटो लगाउने कार्यको लागि श्रेष्ठ कन्ट्रक्सन लाई मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(छ)**

रामधुनी न.पा. वडा नं. २ को च.न. ००१९९ मिति २०८२।०४।१६ गतेको प्राप्त पत्रानुसार शिवनगर मा.वि.छेउमा रहेको शंकर पुर नहरको पुल मर्मत गर्नका लागि प्राविधिक लागत अनुमान तयार गरि मर्मत गरि मर्मत संभार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(ज)**

आर्थिक सहयोग बापत तपसिल बमोजिमको ब्यक्तीहरुलाई देहाय बमोजिमको रकम आर्थिक सहयोग शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिलः

१. विमला देवी धमला - वडा नं. ५ ( क्यान्सर पिडित - रकम रू .२०,०००)

२. भक्त बहादुर कार्की - वडा नं. २ (मृगौला रोग पिडित - रकम रु.१५,०००)

३. बुदनी ठाकुर - वडा नं. ९ (आगलागी - रकम रु.१५,०००)

CamScanner

बैठक संख्या: ३।२०८२-२०८३
बैठक मिति:२०८२।०४।१८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(झ)

रामधुनी नगर प्रमुख श्री शंकर लाल चौधरी ज्यू केहि दिनका लागि छिमेकी मुलुक भारत प्रस्थान गर्नु हुने भएकोले उक्त समय अवधी भरका लागि का.वा. नगर प्रमुख श्री तारा थापा ज्यू लाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.२(ञ)

रामधुनि नगरपालिका वडा नं. ७ चौसट्ठी बिघामा रहेको अव्यवस्थित बसोबासिलाई व्यवस्थित गर्न गठित समिति र नापि कार्यालय सुनसरी को रेखाङ्कन प्रतिवेदन समेतको आधारमा अव्यवस्थित बसोबास रहेको र रामधुनी वडा नं. ७ का जग्गाहरु विभिन्न व्यक्ती र संघ संस्थाको नाममा मालपोत कार्यालय सुनसरी दर्ता कायम रहेको हुँदा अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्ने प्रयोजनका लागि कसैको नाममा दर्ता कायम भएको भए प्रमाण सहित दोस्रो पटक प्रकाशित सूचनाको मितिले ७ दिन भित्र रामधुनी नगरपालिका वा वडा नं. ७ को कार्यालयमा सम्पर्क गर्न दोस्रो पटकका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।



CamScanner